सत्य तथ्य र निषपक्ष समाचारका सार्थी


दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

वर्ष: २ | अंक : ११३ | वि.सं. २०७९ मंसिर ०४ गते आइतबार | 20, 2022 Sunday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## किसान श्रेष्ठ विरुद्ध प्रचार गरेका काँग्रेस बाराका उपसभापति पाल पार्टीबाट निष्काशीत

**वीरगन्ज, ०३ मंसिर ।** नेपाली काँग्रेसले बारा क्षेत्र नम्बर ४ मा प्रतिनिधीसभा सदस्यमा लोकतान्त्रिक बाम गठबन्धनका आधिकारिक उम्मेदवार किसान श्रेष्ठको विरुद्धमा प्रचार प्रसार गरेको भन्दै पार्टीका जिल्ला उपसभापति सहित तीन जना नेतालाइ कारबाही गरेको छ ।

नेपाली काँग्रेसको केन्द्रिय अनुशासन समितिले काँग्रेस जिल्ला उपसभापति अमिरीलाल राउत भेडिहर ,जिल्ला सदस्य हरि थपलिया र क्षेत्रीय प्रतिनिधी सुशील ढोडारीलाई पार्टीको साधरण सदस्य समेतबाट निलम्बित गरेको हो ।



बारा क्षेत्र नम्बर ४ को प्रतिनिधीसभा सदस्यमा लोकतान्त्रिक बाम गठबन्धनबाट नकेपा एकिकृत समाजवादीका किसान श्रेष्ठ उम्मेदवार छन् ।पार्टीको आधिकारिक उम्मेदवार श्रेष्ठ विरुद्ध प्रचार प्रसारमा संलग्न भएकाले तीनै जनालाइ काँग्रेसको विधान २०१७ को धारा ३४ बमोजिम पार्टीको साधरण सदस्य समेत नरहने गरि निलम्बन गरिएको काँग्रेसको केन्द्रिय अनुशासन समिति संयोजक आनन्द प्रसाद ढुंगानाद्धारा शनिबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## पर्सामा लागेको मदिरा बिक्री वितरण तथा सेवनमाथिको रोक अन्तिम मतपरिणाम नआएसम्मका लागि लम्ब्याइयो



**वीरगञ्ज ३ मङ्सिर ।** जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लाभर मदिराजन्य पदार्थको बिक्री वितरण तथा सेवनमा लगाएको रोकलाई लम्ब्याएको छ ।

मङ्सिर ४ गते हुने निर्वाचनको सुरक्षलाई मध्यनजर गर्दै आइतबार रातिदेखि लगाएको मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवनमाथिको रोक लाई स्थानीय प्रशासनले लम्ब्याएको हो ।

शनिबार एउटा सूचना जारी गर्दै जिल्ला प्रशासन कार्यालय पर्साले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, भयरहित र शान्तिपूर्ण तवरबाट निर्वाचन सम्पन्न गर्ने उद्देश्यले निर्वाचनको अगावै मदिराजन्य पदार्थ बिक्री वितरण तथा सेवनमा पूर्ण रोक लगाएको थियो ।

जिल्ला प्रशासन कार्यालयले सोही रोकलाई निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्मका लागि लम्ब्याएको हो ।

आसन्न प्रतिनिधि सभा तथा प्रदेश सभा

बाँकी तेश्रो पृष्ठमा

## यी परिचयपत्रका आधारमा मतदान गर्न पाइने




रासस,प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा निर्वाचन आयोगबाट जारी मतदाता परिचयपत्रको विकल्पमा अन्य पाँच प्रकारका सरकारी परिचयपत्रको सक्कलका आधारमा मतदान गर्न सकिने व्यवस्था गरिएको छ।

मतदानका लागि आयोगबाट जारी मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, जग्गाधनी प्रमाणपुर्जा, राहदानी र सवारी चालक अनुमतिपत्रको सक्कलप्रति आवश्यक पर्ने आयोगले जनाएको छ।

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदानका दिन मतदान केन्द्रमा जाँदा ती परिचयपत्रको सक्कलप्रति लिएर मतदान गर्न सक्नेछन्।

आइतबार देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ।

## नमुना मतपत्र र स्वस्तिक छापसहित जालिम मियाँका छोरा पक्राउ



**वीरगञ्ज ३ मंसिर ।** पर्सा क्षेत्र नम्बर ४ मा नेकपा एमालेबाट प्रतिनिधिसभा सदस्य पदका

बाँकी तेश्रो पृष्ठमा

## पर्सा र बाराका गणनास्थलमा सीसी क्यामेरा र तारजाली

**वीरगञ्ज ३ मंसिर ।** आइतबार हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनपछि मतगणनाका लागि पर्सामा मतगणनास्थल तयार भएको छ। ४ वटा प्रतिनिधि सभा र ८ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेको पर्सामा २ ठाउँमा मतगणना गर्न लागिएको छ ।पर्सा निर्वाचन क्षेत्र नं १ र २ को मतगणना वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा गर्नेगरी तयारी गरिएको छ भने क्षेत्र नं ३ र ४ को मतगणना पोखरिया नगरपालिका-४ मा रहेको जिल्ला उचाङ्गल रामदेव कलवार नमुना प्राविधिक विद्यालयमा हुनेछ ।

सुरुमा प्रत्यक्षतर्फ प्रतिनिधिसभा र प्रदेश सभा सदस्यहरुको मतगणना गरिनेछ । तसर्थ हरेक क्षेत्रका लागि ३ वटा कोठा तयार पारेर मत गणना गर्नेगरी तयारी गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।



ठाकुरराम बहुमुखी क्याम्पसमा मतगणना गर्नका लागि ८ वटा कोठा तयार पारिएको छ। मतगणना स्थलमा तारजाली लगाउनुको साथै सीसीटीभी क्यामेरा समेत जडान गरिएको मुख्य निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले जानकारी दिए ।

'सुरक्षाका लागि मतपेटिका भण्डारण कक्षमा समेत सीसीटीभी क्यामेरा जडान गरेका छौं । मतगणना गर्ने कोठामा तारजाली पनि लगाएका छौं', उनले भने 'मतगणनाका लागि आवश्यक पर्ने पूर्वतयारी भइसकेको छ ।' मतगणना स्थल तयार पार्नका लागि मुख्य निर्वाचन अधिकृतको नेतृत्वमा शुक्रबारदेखि नै टोली खटिएको थियो । क्याम्पसको कक्षा कोठामा रहेको डेस्क बेञ्च हटाउने, सरसफाइ गर्ने, सीसीटीभी क्यामेरा जडान गर्ने र तारजाली लगाउने कार्य मतगणना स्थलमा गरिएको छ ।

पर्सा क्षेत्र नं ३ र ४ को मतगणना हुने स्थल पोखरिया स्कुलमा पनि मतगणना स्थल तयारीको काम अन्तिम चरणमा पुगेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । पोखरियामा दुईवटा क्षेत्रको छुट्टाछुट्टै भवनमा मतगणना गर्न लागिएको छ ।

मतगणना स्थलको ९० प्रतिशत तयारी पूरा भएको निर्वाचन क्षेत्र नं ३ का निर्वाचन अधिकृत योगनाथ ढकालले बताए । 'मतगणना स्थलमा तारजाली ठोकियो, क्यामेरा जोडियो । ९० प्रतिशत तयारी सक्किसकेको छ', उनले भने, 'जनशक्ति र अन्य आवश्यक कुरालाई हेरेर मत गणना स्थल थप पनि गर्न सकिन्छ ।'

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# दाङ, नेताका चाङ तर हुँदैनन् विकासका काम

**महेश्वर आचार्य**

दाङ एसियाको सबैभन्दा ठूलो उपत्यका हो । विशाल भूभाग, पातलो बस्ती, सुन्दर फाँटहरू, तराईभन्दा चिसो हावापानी र सुरक्षाका दृष्टिकोणबाट यो उपत्यका प्रदेशको मात्र होइन केन्द्रीय राजधानी बनाउन उपयुक्त देखिन्छ ।

यस जिल्लाको क्षेत्रफल २,९५५ वर्ग किमि छ । जब कि काठमाडौं जिल्लाको क्षेत्रफल ३९५ वर्ग किमि मात्र रहेको छ । दाङ जिल्लाको पूर्व-पश्चिम औसत लम्बाइ १०० किमि र उत्तर दक्षिण चौडाइ करिब ७२ किमि रहेको छ । तुलसीपुर उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, लमही नगरपालिकालगायत अन्य सात गाउँपालिका रहेको जिल्लामा हाल करिब ६ लाख ७५ हजार जनसंख्या रहेको पाइन्छ ।

काठमाडौंले बढ्दो चाप थेग्न नसकिरहेको परिप्रेक्ष्यमा काठमाडौंको गतिलो विकल्प दाङ हो । यद्यपि दाङले गतिलो राजनैतिक नेतृत्व नपाउँदा समयको गतिसँगै हुनुपर्ने विकासमा धेरै पछि परेको छ । यत्रो विशाल जिल्लामा एउटा गतिलो सुविधासम्पन्न अस्पतालसमेत छैन, गतिलो विमानस्थल छैन, दाङ जोड्ने प्रमुख सडक अलपत्र छ, खानेपानीको अभाव छ भने सिँचाइको कमीले हिउँदमा जिल्लाको आधाभन्दा बढी जग्गा बाँझै रहन्छन् । वर्षामा समेत ढिलो पानी पर्ने समस्याले धेरै खेतहरू बाँझै रहने गरेको छ ।

दाङलाई केन्द्रबिन्दु बनाएर राजनीति गर्ने नेताहरू धेरै छन् । एमाले जस्तो ठूलो दलको महासचिव शंकर पोखरेल दाङकै हुन् । साथै युवराज ज्ञवाली, कृष्णबहादुर महरा, मेटमणि चौधरी, शान्ता चौधरी, गङ्गा चौधरी, कोमल ओली, रेखा शर्मा, दामा शर्मा, हिरा केसी, दिपक गिरी, कृष्णकिशोर घिमिरे, धनीराम भण्डारी, घनश्याम पाण्डे, डिल्लीबहादुर चौधरी, गेहेन्द्र गिरी, जगप्रसाद शर्मा अपार आदि जास्ता नाम चलेका नेताहरूले दाङको प्रतिनिधित्व गर्दछन् । यति धेरै नेताहरूको चाङ भएको जिल्लामा जनता भने नेताविहीन भएको महसुस गर्दछन् ।

स्वास्थ्य सेवाको अभाव

दाङमा कागजमा मात्र सीमित एउटा मेडिकल कलेज नै छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान नामले चिनिने उक्त कलेज स्थापनाका पाँच वर्षसम्म पनि न त पठनपाठन सुचारु हुन सकेको छ न त प्रभावकारी उपचार नै । आएका बिरामीलाई अन्यत्र रिफर गर्नु नै उसको प्रमुख दायित्व बनेको छ । तुलसीपुरमा अवस्थित लुम्बिनी प्रादेशिक अस्पताल पनि छ यद्यपि सामान्यभन्दा सामान्य रोगको उपचारबाहेक उसले गर्ने पनि रिफर नै हो । निजी क्षेत्रका केही अस्पताल र दर्जनौं क्लिनिक छन् तिनीहरूले प्रदान गर्ने सेवा तथा प्रयोग गर्ने प्रविधि सीमित छ । उनीहरू पनि आफ्ना आधा बिरामी रिफर गर्दै चलिरहेका छन् ।

दाङ जतिको सुगम जिल्लामा समेत आजको दिनसम्म पनि जनताको अनिवार्य आवश्यकता पूरा गर्न राज्यले सकेको छैन भने भौगोलिक रूपमा विकट जिल्लाहरूमा कस्तो दुरावस्था होला, कल्पना गर्न सकिन्छ । आजित जिल्लावासीहरू आफूहरूलाई रिफरवासी भन्दै दाङ जिल्लाको नाम परिवर्तन गरेर 'रिफर' राख्न सुझाव दिन्छन् किनभने यहाँ भएका अस्पतालहरूको काम आएका बिरामीलाई उपचारभन्दा बढी संख्यामा नेपालगन्ज, चितवन वा काठमाडौं रिफर गर्ने गरेका छन् । सामान्य रुघाखोकी, घाउचोट, सुत्केरी व्यथा र झाडापखाला आदि बाहेक सबै बिरामी रिफर हुने नियति नै बनेको छ । कहिलेकाहीँ त माथि उल्लिखित सामान्य बिरामीसमेत रिफरमा पर्छन् ।

हवाइ सेवाबाट वञ्चित

दाङको तुलसीपुरमा २०११ सालमा स्थापना भएको ऐतिहासिक विमानस्थल छ । टरिगाउँ विमानस्थल नामले चिनिने यो विमानस्थल राजनीतिले गिजोलेर थिलाथिला परेको छ । कहिले रोकिने कहिले चल्ने गर्दै आफ्नो अस्तित्व जोगाउन धौ धौ परिरहेको यो विमानस्थल पछिल्लो पटक २०७५ सालमा तत्कालीन मेयर घनश्याम पाण्डेको पालामा तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर उद्योग वाणिज्य संघ र विभिन्न नागरिक तथा अभियन्ताको पहलमा हाल सञ्चालनमा छ । दाङकै नेताहरू जिल्ला आउँदा कोही नेपालगन्ज त कोही भैरहवासम्म जहाजमा आउँछन् त्यसपछि कार्यकर्तालाई गाडी लियर रिसिभ गर्न बोलाउँछन् ।

विमानस्थलको धावनमार्ग ७५० मिटरको मात्र हुँदा नेपाल वायुसेवा निगमको १८ सिटे 'टुइनओटर' विमान मात्र यहाँ चल्न सक्छ । दाङमा हवाई इन्धन डिपो नरहेको र हाल निर्माणाधीन अवस्थामा मात्र रहेकाले विमानले जम्मा १२ जना यात्रु मात्र बोक्छ । बाँकी ६ जना बराबरको ओजन फर्किंदा चाहिने इन्धन बोक्नलाई छुट्याइएको छ । उक्त ६ जना बराबरको भाडासमेत तिनै १२ जनामा समायोजन गरिएको हुँदा उक्त टुइनओटरको भाडा चर्को छ । दाङभन्दा करिब १५० किमि टाढा नेपालगन्जको हवाइ भाडा ३ हजार-३५ सय परिरहँदा दाङको भने ८८०१० देखि ९८१० सम्म पर्दछ । भाडा महँगो त छँदै छ तैपनि दिनमा दुई उडान भर्दा पनि समयमा टिकट पाइँदैन ।

बिरामीलाई आपतकालीन रूपमा काठमाडौं पुर्‍याउन यो सेवा भरपर्दो छैन । नेपालमा हाल यो विमानस्थलमा चल्न सक्ने विमान भनेको नेपाल वायुसेवा निगमसँग रहेका यही २ ओटा ट्विनओटर मात्र हुन् । निकै पुराना भइसकेका यी दुई बिग्रिएर थन्किए भने दाङमा हवाई सेवा स्वतः रोकिने देखिन्छ । एसियाको सबैभन्दा ठूलो उपत्यका र माथि उल्लिखित नेताहरूको जिल्ला हुनुको बाबजुद पनि यो जिल्लामा जनताले बिकट जिल्लामा भन्दा नाजुक हवाई सेवा प्राप्त गरिरहेका छन् ।

दुःखको कुरा त के छ भने दाङकै नेताहरू जिल्ला आउँदा कोही नेपालगन्ज त कोही भैरहवासम्म जहाजमा आउँछन् त्यसपछि कार्यकर्तालाई गाडी लियर रिसिभ गर्न बोलाउँछन् । स्वाभिमानी जनतालाई आफ्ना नेताको यस्तो व्यवहार देख्दा ग्लानि महसुस हुन्छ यद्यपि नेताहरूलाई त्यस्तो कुनै महसुस नहुँदो रहेछ ।

कारक नेता नै

दाङमा बरु कुनै नेता नै नभइदिएको भय अहिलेसम्म टरिगाउँ विमानस्थल स्तरोन्नति भएर कम्तीमा १५ सय मिटर धावन मार्गको बनिसकेको हुन्थ्यो होला । १५ सय मिटर हुनेबित्तिकै बुद्ध, यति आदि कम्पनीका एटिआर चल्न थालिसकेको हुन्थे । भाडा पनि ३ हजारको हाराहारीमा हुन्थ्यो र आपतकालीन बिरामी पनि समयमै काठमाडौं पुग्थे । विडम्बना यहाँ नेताले विकास रोकेका छन् ।

टरिगाउँको विकल्पमा बडो महत्वाकांक्षी योजना छ त्यो हो नारायणपुरमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने । घोराहीभित्र नयाँ अन्तर्राष्ट्रिय विमानस्थल बनाइदिन्छु भनेर भोट माग्ने गरेका छन् ।

नारायणपुरमा साँच्चिकै विमानस्थल बन्ने हो भने तुलसीपुरबासीलाई कुनै आपत्ति थिएन यद्यपि उनीहरूलाई यति सजिलै र छिटै दाङमा अर्को नयाँ त्यो पनि अन्तर्राष्ट्रिय विमानस्थल बन्छ भन्नेमा विश्वास छैन ।

उपयुक्त विमानस्थल बन्ने हो भने दाङ केही वर्षमै नेपालगन्ज र भैरहवाको विकासको स्तरमा आउने पक्का छ । जाडोयाममा नेपालगन्ज र भैरहवाभन्दा धेरै कम र क्षणिक समय मात्र हुस्सु लाग्ने हुँदा यहाँको विमानस्थलले दाङ मात्र नभएर छिमेकी पहाडी जिल्लाहरू रुकुम, सल्यान, रोल्पा, प्युठानलाई समेत सेवा दिनसक्छ ।

अन्तराष्ट्रिय बनाउने हो भने पनि प्रक्रियामा जान्थ्यो । न्यायको प्राकृतिक सिद्धान्तले पनि पुरानोको उपचार पहिले गर्नुपर्छ भन्छ । पुरानो चटक्कै त्यागेर

बाँकी तेश्रो पृष्ठमा

# किन आवश्यक भयो भारतीय इतिहास पुनर्लेखन?

**रजनीश कुमार शुक्ल**

भारतमा इतिहास शिक्षणको वर्तमान अवस्था हेर्दा यसले भूतकालका विभिन्न घटना बारे जानकारीसम्म दिन्छ भन्ने थाहा हुन्छ । त्यसोभए के इतिहासको काम केवल भूतकालका घटनाहरूबारे जानकारी दिनु मात्र हो? सत्य-असत्य घटनाहरूको ठीक-ठीक जानकारी दिनु चाहिँ होइन ? यदि इतिहासको काम पुराना घटनाहरूको जानकारी मात्र उपलब्ध गराउने हो भने तिनको उपयोगिता के ? इतिहास शिक्षणको सम्पूर्ण परम्परामा यस प्रश्नको उत्तर प्राप्त हुँदैन र परिणामबाट प्रष्ट बुझ्नु पर्छ कि इतिहास अध्ययनको लक्ष नै प्रष्ट छैन।

इतिहास शिक्षणको उद्देश्य नै प्रष्ट नहुँदा राष्ट्रिय पाठ्यक्रममा समावेश गरिएका सामग्री र तिनको प्रामाणिकताका विषयमा प्रश्न उठ्नु स्वाभाविक हुन्छ। यदि कुनै राष्ट्रको इतिहास नै प्रष्ट छैन भने त्यसमा समावेश गरिएका पाठ्यक्रमहरू खण्डित हुन्छन् वा विकृत हुन्छन् नै।

कुनै पनि देश वा समाजले आफ्नो इतिहासको समग्र अध्ययन होस् भन्ने चाहन्छ। इतिहासमा पढाइ हुने विषयवस्तुले हाम्रो र हाम्रो सांस्कृतिक वा अन्य परिवेश आदिको सही-सही प्रतिनिधित्व गर्छ कि गर्दैन भन्ने अति महत्वपूर्ण हुन्छ।

विश्वभरिको इतिहास आफ्नो परिवेशमा लेखिएको हुन्छ र सबैले आफ्नो मौलिकता जोगाएका हुन्छन्। असलमा, कक्षा दशभन्दा माथि इतिहास थोरै पढाइन्छ तर त्यस भन्दा तलका कक्षाहरूमा लगभग सबैले इतिहास पढ्नुपर्छ।

यदि यतिधेरै विद्यार्थीले इतिहास पढिरहेका हुन्छन् भने त्यो सत्य हुनैपर्छ तर हामीले साना बालबालिकाहरूलाई अन्य केही घटनाहरू बताइरहेका छौं- सत्य होइन।

इतिहास कुनै क्षेत्र, घटना वा प्रविधिको किन नहोस् त्यसको व्याख्या सबैभन्दा महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रममा त्यसको चयनले ठूलो महत्त्व राख्छ । भारतजस्तो देशमा एसियाटिक सोसाइटी अफ इण्डिया भन्दा पनि पहिलेको इतिहास आज पनि निरन्तर रहेको देख्न सकिन्छ। दुर्भाग्यवश इतिहास पूर्वको भारतवर्षीय इतिहासलाई खण्डित दृष्टिकोणले हेर्ने र बुझ्ने प्रयत्न गरिएको छ।

यदि इतिहास छ भने त्यो शौर्य, पराक्रम, वास्तविकता र मानवजातिको कल्याणका लागि हुन्छ तर कक्षा दश भन्दा तल्लो कक्षाहरूका बालबालिकाहरूलाई यस्तो इतिहासका विषयमा थोरै मात्र जानकारी प्रदान गरिएको छ। यदि स-साना कक्षाहरूमा इतिहासको ठीक-ठीक जानकारी दिने हो भने बालबालिकाहरू आफ्ना पूर्वजहरूको सही इतिहास र त्यसको प्रवृत्तिसँग परिचित हुने थिए ।

ज्ञानको विस्तारको लागि इतिहासको उपयोग हुन्छ र उद्देश्य प्राप्त गर्न ज्ञानको विस्तार गर्नुपर्छ । इतिहास लेखन र इतिहासको ज्ञान दुवै निरन्तर चल्ने प्रक्रिया हुन्। यस्तो चेतना किन आवश्यक छ ? यसले किशोर-किशोरीहरूको चेतनालाई उच्च बनाउन हो कि अझैं निम्नस्तरमा झार्ने हो ?

अंग्रेजहरूले इतिहास लेख्ने क्रममा गरेका अनुचित क्रियाहरू कत्ति पनि लुकाएका छैनन् । उनीहरूले भविष्यमा भारतवर्षको ज्ञान परम्परामा ठीक-ठीक विकास हुने तत्थ्य बुझेका थिए। उनीहरूले भारतवर्षीय ज्ञान अर्थात् संस्कृतभाषाको उपयोग नै धर्मपरिवर्तनका लागि गरे। यदि यसपछिको घटनाहरूमा चिन्तन गर्ने हो भने इतिहासको स्रोतका रूपमा इन्डिक भने। यो इन्डिक शब्द निकै हानिकारक छ किनभने यसले भरतवर्षीय इतिहासलाई फारसीहरूसँग जोडेर बुझ्ने अनि भारतवर्ष र फारस बीच अभिन्न सम्बन्ध रहेको काल्पनिक विश्वास स्थापित गर्छ। यस्तो इतिहासले भारतवर्षको वास्तविक इतिहास जान्न सकिदैन।

भारत र भारतीयहरूका लागि भारतीय ज्ञानको दृष्टिका आधारमा भारतको सुबोधपूर्ण इतिहास लेखिनुपर्छ । यस्तो सुबोध र आत्मबोधको इतिहासका आधारमा मात्र २१ औं शताब्दीका चुनौतिहरूसँग मुकावला गर्ने सक्ने सक्षम युवावर्ग तयार हुन सम्भव हुन्छ ।

यो इतिहास परम्परामा अनेकौं धर्मान्तरण तथा अत्याचार हुँदै-हुँदै पनि ११ औं शताब्दीदेखि १७ औं शताब्दीका बीचमा ४५ हजारभन्दा बढी मौलिक पुस्तकहरू भारतवर्षका सबै भाषामा लेखिएको भनेर कहीं उल्लेख गर्दैन। १२ औं शताब्दीमा लेखिएको लीला चरित्र वास्तवमा एउटा इतिहास हो। त्यहाँ हामीले भन्न सक्नुपर्छ कि भारतवर्षमा जे-जति ग्रन्थहरू लेखिएका छन् ती सबैले भारतवर्षका भाषाहरूबाट स्रोत प्राप्त गरेका छन्, मौलिक तथा विश्वसनीय छन्।

हामीले समीक्षा गर्नुपर्छ कि बास्को डी गामाले जुन तीन बटा पत्रहरू लिएर भारतवर्षमा आएका थिए ती मध्ये एउटा पोर्चुगाली भाषा र दुई

बाँकी तेश्रो पृष्ठमा

# असमान कार्बन उत्सर्जन

**उत्तमबाबु श्रेष्ठ**

शनिबार, ५ नोभेम्बर २०२२ । नेदरल्यान्डको राजधानी आम्स्टर्ड्यामस्थित युरोपकै छैटौं व्यस्त मानिने स्किपोल अन्तर्राष्ट्रिय विमानस्थल । साइकलमा सवार करिब २०० जना जलवायु अभियन्ताहरू सुरक्षाघेरालाई लत्याउँदै विमानस्थलमा हुरुरु छिरे । र, विमानस्थलको निजी विमान पार्किङ गर्ने इलाकामा पुगेर पार्क गरिरहेका जहाजहरूलाई फन्को लगाउँदै केही बेर साइकल कुदाए ।

त्यसपछि पार्किङमा रहेको निजी विमानको अगाडि धर्ना कसेर बसे । उक्त प्रदर्शनको तीन घण्टापछि सुरक्षा अधिकारीहरूले अभियन्ताहरूलाई गिरफ्तार गरी बसमा कोचेर लगे । वातावरण सक्रियतावादी संस्थाहरू ग्रिनपिस र एक्स्टिङ्सन रिबेलियनको संयुक्त आह्वानमा विश्वका विमानस्थलहरूमा प्रदर्शन गर्ने क्रममा उनीहरूले आम्स्टर्ड्याममा त्यस्तो हर्कत गरेका थिए । इजिप्टको सार्म एल सेखमा आयोजित विश्व जलवायु सम्मेलन ( कोप-२७) को पूर्वसन्धामा जलवायु अभियन्ताहरू 'स्किपोल विमानस्थलले निजी विमानको प्रयोग रोकेर प्रदूषण रोक्नुपर्छ' भन्दै आफ्नै विमानमा संसार चहारेर पृथ्वीलाई फोहोर पार्ने अर्बपतिहरूमाथि खनिएका थिए । अभियन्ताहरूले निजी विमान चढ्ने धनाढ्यहरूमाथि निसाना साध्नुको कारण हो- न्यून संख्यामा रहेका विश्वका अति धनाढ्यहरूको विलासी जीवनशैलीका कारण हुने अत्यधिक कार्बन उत्सर्जन । भनिन्छ, एक सामान्य युरोपेली नागरिकले वर्षभरिमा उत्सर्जन गर्नेजति कार्बन निजी विमानमा सयर गर्नेले चार घण्टामै गर्दछ ।

कार्बन अर्बपतिहरू

जलवायु परिवर्तनको मुख्य कारक कार्बन उत्सर्जनमा धनाढ्यहरूको योगदान उल्लेख्य रहेको विभिन्न अध्ययनले देखाएका छन् । इन्डियाना विश्वविद्यालयका अध्येता बेट्रिज बारोज र रिचर्ड विल्कले सन् २०२० को फोर्ब्स सूचीमा समाविष्ट विश्वका २,०९५ अर्बपतिमध्येबाट मिडियामा छाइरहने २० जना चर्चित अर्बपतिहरूको व्यक्तिगत कार्बन उत्सर्जन परिमाणलाई मापन गरेका थिए । उक्त अनुमानित गणनामा अध्येताहरूले ती अर्बपतिहरूका घर, गाडी, निजी विमान, निजी पानीजहाज (याट) को विवरण सार्वजनिक रूपमा उपलब्ध स्रोतबाट खोजेर त्यसको कार्बन पदचिह्न (कार्बन फुटप्रिन्ट) को हिसाब गरे । छानिएका अर्बपतिहरूमा रुसी धनाढ्य तेल व्यापारी रोमन अब्रामोभिचदेखि गुगलका संस्थापकद्वय सर्गे ब्राइन र लेरी पेजसम्म, फेसन दुनियाँका बादशाह इटालीका जर्जियो अमानीदेखि अमेजनका संस्थापक जेफ बेजोज र टेस्लाका सीईओ इलन मस्कसम्म र अमेरिकी क्यासिनो किङ सेल्डन एडेल्सन (हाल मरिसके) देखि लुई भिटनका संस्थापक फ्रान्सेली बर्नार्ड अर्नलसम्म थिए ।

सन् २०२१ मा प्रकाशित उक्त लेख अनुसार, ती २० अर्बपतिमध्ये सबैभन्दा फोहोरी (कार्बन उत्सर्जन बढी गर्ने) अर्बपति रोमन अब्रामोभिच थिए । उनले सन् २०१८ मा ३३,८५९ टन कार्बन उत्सर्जन गरेका थिए, जबकि संसारका कतिपय देशकै वार्षिक कार्बन उत्सर्जन परिमाण त्योभन्दा कम छ । विश्वमा हाल प्रतिव्यक्ति वार्षिक औसत कार्बन उत्सर्जन लगभग ५ टन छ । अमेरिकामा त्यो १५, चीनमा ७, भारतमा २ र नेपालमा १ टनभन्दा पनि कम छ । उक्त अनुसन्धान अनुसार 'हाउ टु अभोइड क्लाइमेट डिजास्टर' पुस्तक लेख्ने माइक्रोसफ्टका संस्थापक बिल गेट्सको वार्षिक कार्बन उत्सर्जन परिमाण ७,४०८ टन थियो ।

बारोज र विल्कको अनुसन्धानमा अर्बपतिहरूको विलाशी जीवनशैलीका कारण उत्सर्जित कार्बनको हिसाबकिताब गरिएको भए पनि उनीहरूको लगानीबाट उत्सर्जित कार्बनको मापन भने गरिएको थिएन । बेलायतस्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अक्सफामले हालै सार्वजनिक गरेको 'कार्बन बिलिनायर्स' प्रतिवेदनमा विश्वका १२५ अर्बपतिको लगानीले उत्सर्जन गर्ने कार्बन मापन गरिएको छ । प्रतिवेदन अनुसार, ती १२५ अर्बपतिको संयुक्त कार्बन उत्सर्जन परिमाण ६ करोड ७८ लाख जनसंख्या भएको फ्रान्सको भन्दा पनि बढी छ । अर्थात्, अध्ययनमा समावेश एक अर्बपतिले वार्षिक ३१ लाख टन कार्बन उत्सर्जन गर्ने गर्दछन् जुन आम्दानीको हिसाबले पींधका ९० प्रतिशत मानिसले गर्ने उत्सर्जनभन्दा लगभग १० लाख गुणा ज्यादा हो । तथापि संसारका थुप्रै अर्बपतिको कार्बन पदचिह्न अझसम्म यकिन हुन सकेको छैन ।

फ्रान्सेली अर्थशास्त्री थोमस पिकेटी र लुकास च्यान्सिलले कार्बन उत्सर्जनमा भएको विश्वव्यापी असमानतालाई थप केलाएका छन् । उनीहरूको अध्ययन अनुसार, सन् १९९० देखि २०१९ सम्म विश्वका धनी १० प्रतिशत ७७ करोड मान्छेले गर्ने उत्सर्जनले विश्वको कुल कार्बन उत्सर्जनको लगभग आधा ( ४८ प्रतिशत) हिस्सा ओगट्छ तर विश्वको सबैभन्दा गरिब ५० प्रतिशत जनसंख्याले विश्वको कार्बन उत्सर्जनको मात्रै १६ प्रतिशत हिस्सा ओगट्छ । थप, विश्वका १ प्रतिशत उपल्ला धनाढ्य ६ करोड व्यक्तिहरू – जसको वार्षिक आम्दानी १ लाख ९ हजार डलरभन्दा बढी छ- ले गर्ने कार्बन उत्सर्जनले पृथ्वीमा हुने कुल उत्सर्जनको २३ प्रतिशत हिस्सा ओगट्छ । धनाढ्यहरूको कार्बन उत्सर्जन परिमाण कहाली लाग्ने गरी अत्यधिक मात्रै छैन, सन् १९९० यता त्यो निरन्तर बढ्दो छ । सन् १९९० देखि हालसम्म उपल्ला १ प्रतिशत धनीहरूको वार्षिक कार्बन उत्सर्जन २६ प्रतिशतले र उपल्ला ०.०१ प्रतिशत धनीहरूको ८० प्रतिशतले वृद्धि भएको थियो । जबकि सोही अवधिमा विश्वमा प्रतिव्यक्ति सरदर कार्बन उत्सर्जन २ प्रतिशतले मात्रै बढेको थियो ।

बाँकी तेश्रो पृष्ठमा

## असमान....

फोहोरी धनी देश

व्यक्तिगत रूपमा मात्रै होइन, देशहरूको तुलना गर्दा पनि कार्बन उत्सर्जनको विश्वव्यापी योगदानमा धनी देशहरूको मात्रा उल्लेख्य रूपमा बढी छ । विश्वमा जलवायु परिवर्तन हुनुको मुख्य कारक हो- मानिसले पृथ्वीको कार्बन सञ्चित गर्ने क्षमताभन्दा बढी उत्सर्जन गर्नु । अर्थात्, औद्योगिक क्रान्तिपछिको मानवीय गतिविधिका कारण उत्सर्जित कार्बनले पृथ्वीको सीमा (प्लानेटरी बाउन्ड्री) लाई पार गर्दा पृथ्वीमा तापमान वृद्धि हुन पुग्यो । पृथ्वीको तापमानलाई औद्योगिक क्रान्तिपूर्वको अवस्थामै राख्न यहाँको वायुमण्डलमा ८५० गिगाटनभन्दा बढी कार्बन उत्सर्जन गर्नु हुँदैन थियो तर हालसम्म मान्छेले पृथ्वीको वायुमण्डलमा २,५०० गिगाटन कार्बन फालिसकेको छ ।

युनिभर्सिटी अफ लन्डनका अध्येता जेसन हिकलले सन् १८५० देखि २०१५ सम्म विश्वका मुलुकहरूले गरेको उत्सर्जनको परिमाण तुलना गरेर प्रत्येक देशले आफ्नो वास्तविक हिस्साभन्दा (जनसंख्याका आधारमा) बढी/कम उत्सर्जन गरेको हिसाब निकालेका छन् । उनका अनुसार, हालसम्म पृथ्वीको क्षमताले धान्न सक्नेभन्दा बढी कार्बन उत्सर्जन गर्नेमा सीमित राष्ट्रहरू मात्रै छन्, जसमा जी-८ राष्ट्रहरू (अमेरिका, युरोपियन युनियन, रुस, जापान र क्यानडा) को हिस्सा ८५ प्रतिशतभन्दा माथि छ । तीमध्ये अमेरिका एक्लैको योगदान ४० प्रतिशत र युरोपियन युनियनको २९ प्रतिशत छ । हिकलका अनुसार, अमेरिका, रुस, जर्मनी, बेलायत, जापान, फ्रान्स, क्यानडा र युक्रेनले आफ्नो हिस्साको भन्दा अधिक कार्बन उत्सर्जन गरिसकेकाले उनीहरू कार्बन ऋणात्मक छन् भने चीन, भारत, बंगलादेश, इन्डोनेसिया, नाइजेरिया, पाकिस्तान, इथियोपिया, भियतनाम आफ्नो हिस्साको भन्दा हालसम्म कम कार्बन उत्सर्जन गरेकाले कार्बन धनात्मक छन् । तथापि वर्तमानमा यी राष्ट्रहरूको कार्बन उत्सर्जन मात्र अधिक र बढ्दो छ । नेपालसहित विश्वका ४६ अल्पविकसित देशहरूले अहिले विश्वको कुल कार्बन उत्सर्जनमा केवल १.१ प्रतिशत योगदान गर्छन्, जुन अमेरिकामा गुड्ने कारहरूले उत्सर्जन गर्ने परिमाणभन्दा पनि आधा कम हो । देश समृद्ध होस् वा कंगाल, व्यक्ति धनी होस् या गरिब, सबैले उत्सर्जन गरेको कार्बन अन्ततः पृथ्वीको वायुमण्डलमै थुप्रिन्छ । तथापि वायुमण्डलमा थुप्रिएको कार्बनले पार्ने प्रभावमा भने समृद्ध र कंगाल देशमा, धनी र गरिब मान्छेबीचमा धरती-आकाशको अन्तर छ । जलवायु परिवर्तनको प्रभावबाट गरिब देश र गरिब मान्छे बढी पिल्सने गरेका छन्, जसको जलवायु परिवर्तन हुनमा कुनै भूमिकै छैन । बाली नलाग्ने, बाढी आउने, सुक्खा पल्टिने, अधिक गर्मी हुनेजस्ता जलवायु परिवर्तनका प्रभावहरूबाट धेरै प्रभावित हुने भनेका गरिब देशका गरिब र सीमान्तीकृत मानिसहरू नै हुन् । यो वर्ष पनि जलवायुजन्य घटनाहरूमा बंगलादेश, पाकिस्तान, सुडानमा मर्ने र घरबारविहीन हुनेहरूमा गरिबहरू नै धेरै थिए । नेपालमा पनि जलवायु परिवर्तनको असर सीमान्तीकृत समुदायमा बढी परेको छ ।

जलवायु न्यायको सम्बोधन

कार्बनको असमान उत्सर्जन मात्रै होइन, जलवायु परिवर्तनको प्रभावको वितरण पनि असमान भएकाले जलवायु परिवर्तन वातावरणीय मुद्दा मात्रै होइन; यो सामाजिक न्याय, मानव अधिकार र अन्तरपुस्तागत न्यायको प्रश्न पनि हो । त्यसैले यो असमानतालाई न्यायपूर्ण सम्बोधन नगरी यो मुद्दाको हल निस्कँदैन । त्यस कारण सन् १९९० मा संयुक्त राष्ट्रसंघीय जलवायु महासन्धि भएसँगै जलवायुजन्य असमानताका विषय उठ्दै आएको थियो । जलवायु परिवर्तनको असरबाट गरिब राष्ट्रका गरिब जनता थप मारमा पर्दै जाँदा धनी देशहरूले त्यसको जिम्मेवारी वहन गर्नुपर्ने र त्यसको क्षतिपूर्ति तिर्नुपर्ने कुरा जलवायु सम्मेलनहरूमा उठ्न थाले । कोपनहेगन (कोप-१५) मा धनी राष्ट्रहरू गरिब राष्ट्रहरूलाई जलवायु अनुकूलनमा सघाउन वार्षिक १०० अर्ब डलर बराबरको अनुकूलन कोष बनाउन राजी भए । तथापि उनीहरूले कबुल गरे अनुरूपको रकम अझैसम्म पनि जुटेको छैन । उनीहरूले दिने भनेको अधिकांश रकम पनि अनुदान होइन, ऋणका रूपमा दिने गरिएको छ । पछिल्लो समय 'पोलुटर मस्ट पे' ( जसले फोहोर गर्‍यो, उसैले सोहोर्नुपर्छ) भन्ने मान्यता जबर्जस्त उठ्ने गरेको छ । धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई जलवायुजन्य हानि-नोक्सानी (लस एन्ड ड्यामेज) का लागि क्षतिपूर्ति दिनुपर्छ भन्ने मत दोहा (कोप-१९) मा पहिलोपल्ट बंगलादेशले उठायो । त्यसपछिका कोपहरूमा चर्को बहस र विवादको विषय बन्ने गरे पनि उक्त मुद्दाले आधिकारिक एजेन्डाका रूपमा प्रवेश पाएको थिएन । अहिले इजिप्टमा जारी कोपमा उक्त विषयले आधिकारिक रूपमै प्रवेश पाएको छ । तथापि यो विषयको निरूपण न्यायपूर्ण रूपमा हुन्छ वा हुँदैन, त्यो हेर्न बाँकी नै छ ।

जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता अनुरूप पृथ्वीको तापमानलाई १.५ डिग्री सेल्सियसभित्रै सीमित राख्न हालको प्रतिव्यक्ति उत्सर्जनलाई दुईतिहाइले घटाउनुपर्छ । त्यसमा आम मान्छेको भन्दा उच्च कार्बन उत्सर्जन गर्ने अर्बपतिहरूको भूमिका ठूलो हुन्छ । उनीहरूको फोहोरी जीवनशैलीलाई कर वा अन्य माध्यमले लगाम लगाउने र लगानीलाई हरित क्षेत्रमा मोड्ने हो भने मात्रै पेरिस सम्झौताको लक्ष्य भेटिन्छ । पिकेटीका अनुसार, अधिक कार्बन उत्सर्जन गर्नेहरूलाई कार्बन कर लगाउने हो भने वार्षिक १५० अर्ब डलर सजिलै उठ्न सक्छ जुन जलवायु परिवर्तनबाट प्रभावित हुने राष्ट्र र मानिसहरूलाई बाँड्न सकिन्छ । तर त्यस्तो कानुनी नत्थी लगाउने व्यवस्थामा धनी राष्ट्र र अर्बपतिहरू अहिले नै सहजै राजी हुने अवस्था देखिन्न । सार्म एल सेखमा धनीहरूका पक्षमा माहोल बनाइरहेका सयौं पैरवीकर्ताको संख्याले त्यो पुष्टि गर्दछ । तर कार्बन उत्सर्जनको असमानतालाई सम्बोधन नगरी यो विषयको टुंगो सजिलै लाग्नेवाला पनि छैन ।साभार इकान्तिपुर

## किन आवश्यक..

अन्य उर्दूमा 'भारतवर्षका' सम्राटका नाममा लेखिएका थिए। त्यस बखत भारतवर्षमा कुनै सम्राट थिएनन्। त्यस बखत गरिएको यात्राको सामान्य घटनाक्रमलाई जोडेर भारतवर्षको इतिहास खोज्ने प्रयत्न गरियो।

त्यसपछि भारतवर्षको खोजी बास्को डी गामाले गरेका हुन् भन्ने आपत्तिपूर्ण इतिहास लेखन आरम्भ गरियो तर उनले बोकेका तीन बटा पत्रहरूको विषयवस्तुलाई पूर्णतया अनदेखा गरियो। यसरी भारतवर्षको वास्तविक इतिहासमा खलल पारियो र कोलम्बसले अमेरिका खोजेझैं बास्को डी गामालाई भारतवर्षको अन्वेषकका रूपमा बालबालिका सामु प्रस्तुत गरियो। जबसम्म यो काल्पनिक इतिहास परिवर्तन हुँदैन तबसम्म किशोर-किशोरीहरूको धारणामा परिवर्तन आउँदैन।

उपलब्ध स्रोतहरूबाट १० कथामा पढेको इतिहासलाई एउटा बालकले आजीवन सत्य ठान्छ र अन्य इतिहासलाई असत्य ठान्छ। यसबाट उसको मनमा आजीवन विरोधाभास उत्पन्न भई त्यसमा जीउन बाध्य हुन्छ। हो, ठूलो भएर इतिहास पढेपछि कुनै पनि बुद्धिमान व्यक्तिले आर्यआक्रमणको सिद्धान्तलाई मान्न सक्दैन। के यस्तो विरोधाभासयुक्त मानसिकता उत्पन्न हुनुभन्दा पहिले नै समाधान गर्नु पर्दैन ? यो कुरा इतिहासको पाठ्यक्रम निर्माण गर्दा नै उद्देश्य प्रष्ट पारिदिनु पर्दैन र ?

इतिहास लेख्दा जे-जस्ता न्यूनताहरू छन्, तिनको समाधान गरिनुपर्छ। देशका १०% जनसंख्या इतिहासको शिक्षाबाट टाढा छन्। विद्यालय पाठ्यपुस्तकहरूमा इतिहास सम्बन्धी शिक्षा प्राप्त छैन। खासगरी आदिवासी जनजातिहरू वास्तविक इतिहास जान्नबाट पूरै बञ्चित छन्। अनि यस देशका निवासीहरूलाई विभिन्न वहानामा घुमफिर गर्नबाट र आ-आफ्नो जीवन पद्धतिअनुसार जीवन यापन गर्न पनि प्रतिबन्धित गरियो। यस्तो गर्नु भारतवर्षको सांस्कृतिक तथा सामाजिक आत्मामा प्रहार गर्नु नै थियो किनभने त्यो भारतवर्षको जीवन पद्धति परिवर्तन गर्ने एउटा प्रक्रिया थियो।

हामी सबैले जानेका छौँ कि १८ औं शताब्दीसम्म भारत एउटा वैश्विक आर्थिक शक्ति थियो। यस्तो प्रतिबन्धका कारण परम्परागत शिल्प र व्यापारिक पद्धति उपर धेरै नराम्रो प्रभाव पर्यो र भारतवर्षको मौलिक इतिहास हरायो। कुनै एउटा देश जहाँको १०-१२ प्रतिशत जनसंख्या प्रभावशाली थियो, तीमध्ये हामीले एकदुईलाई मात्र बुझेका छौँ। यसको परिणाम यो हुन्छ कि विद्यालयका बालबालिकाहरूले त्यसबाहेकका अनेकौं जातजातिका विषयमा कत्ति पनि जान्दैनन्। उनीहरूले ती जनजाति वा आदिवासीका विषयमा त्यत्तिनै बुझ्ने गर्छन्, जति त्यस विषयमा अंग्रेजहरूले लेखिदिएका छन्।

यसरी इतिहासको पुनर्लेखन अत्यावश्यक भएको छ। यस्तो पुनर्लेखन गर्दै गर्दा आफ्नै देशका तथाकथित विद्वान्७शधलव;हरू र सुनियोजित इतिहास पढिरहेका विद्यार्थीहरूलाई आफ्नो देशको गौरव र परम्पराहरूको सत्यबाट सुसज्जित गर्नुमा रहन्छ। सही इतिहास बुझ्नुको अर्थ आफ्नो देशको वास्तविकता बुझ्नु हो। भारतलाई कसरी बुझ्ने ? यसको कुन स्वरूपलाई बुझ्ने? यहाँको युवा पुस्ताले आफ्नो इतिहासलाई कसरी बुझ्न जरुरी छ? यसप्रति कसरी आस्था व्यक्त गर्ने ? यी सबै कुरा इतिहासको ज्ञानसँग सरोकार राख्ने विषय हुन्।

यदि इतिहासको शिल्प, कौशल र ज्ञानको विस्तारमा उपयोगी छैन भने हामीले विज्ञानको इतिहास बुझ्नुपर्छ जहाँ त्यसको समुचित उपयोग छ। विज्ञानको उद्देश्य प्रष्ट भएझैं इतिहासको पनि उद्देश्य प्रष्ट हुनुपर्छ र यसको प्राचीरबाट इतिहासलाई बुझिनु पर्छ.

इतिहासका प्राध्यापकहरूको काँधमा देशका किशोर-किशोरीहरूप्रति महत्वपूर्ण जिम्मेवारी छ, यदि तिनले यो अभिभारा पूरा गर्छन् भने शतप्रतिशत विद्यार्थीहरूले इतिहासको उद्देश्य थाहा पाउँछन् । यो लक्ष्य पूरा गर्न उद्देश्यपरक परिणाममा आधारित कार्यक्रम बनाएर कार्यान्वयन गरे मात्र प्राप्त सम्भव हुन्छ।

समाज, राष्ट्र, र संस्कृतिको इतिहास यदि प्राविधिज्ञ, शिक्षाविद् तथा वैज्ञानिकहरूले निर्माण गर्छन् भने त्यस्तो इतिहास स्वीकार्य हुन्छ र स्थायी पनि। अतः मनुष्यहरूको निर्माण प्रक्रियामा जुन इतिहासको महत्वपूर्ण परिणाम प्राप्त हुनेछ, त्यो पढाउनु पर्ने छ। यो नै इतिहासको उद्देश्य हुनुपर्छ।

हाम्रो इतिहासको दृष्टिकोण ती किशोर-किशोरीहरूको मनमष्तिस्कलाई अगाडि राखेर निर्माण गरिनुपर्छ । जसले उनीहरूलाई भविष्यमा गौरवशाली भारतीय बन्ने सुनिश्चित गर्छ।

इतिहासको पाठ्यक्रमले आफ्नो देशको अन्तरवस्तु बुझेको हुनुपर्छ। विगत ७० वर्षदेखि बिग्रिएको यो पाटो विगत ८ वर्षमा सुधार्ने प्रयत्न गरिँदै छ। यसको गतिलाई तीव्रता दिनुपर्ने हुन्छ। अहिलेजस्तो भारतवर्षप्रति सकारात्मक दृष्टिकोण निर्माण भएको छ, त्यस्तो कहिल्यै थिएन।

यस सकारात्मक कालखण्डमा इतिहास पनि सकारात्मक र भारत केन्द्रित बन्न सक्छ। भारत र भारतीयहरूका लागि भारतीय ज्ञानको दृष्टिका आधारमा भारतको सुबोधपूर्ण इतिहास लेखिनुपर्छ। यस्तो सुबोध र आत्मबोधको इतिहासका आधारमा मात्र २१ औं शताब्दीका चुनौतिहरूसँग मुकाबला गर्ने सक्ने सक्षम युवावर्ग तयार हुन सम्भव हुन्छ।-आइएनएस-स्वतन्त्र समाचार

## दाङ.........

नयाँमा जाऊँ भन्दैन । आधा भन्दा बढी जिल्लावासी र साथमा छिमेकी पहाडी जिल्लावासी समेतको सेवा, माया र भावना जोडिएको विमानस्थललाई उपेक्षा गर्ने नेता सिंगो जिल्लाको नेता बन्न सक्दैनन् । तिनीहरूलाई एउटा निश्चित क्षेत्रको मात्र नेता मानिन्छ ।

स्वयं नारायणपुरका जनता भने विमानस्थलका लागि आफ्नो घर जग्गा छोड्न तयार छैनन् । करिब १५० घरधुरी रहेको उक्त स्थानका जनताको कडा विरोध छ । उता टरिगाउँ विमानस्थल स्तरोन्नति गर्नलाई भने निजी जग्गा अतिक्रमण गर्न जरुरी छैन । प्रशस्त ऐलानी (सरकारी) जग्गा उपलब्ध छ । विमानस्थलको पश्चिमपट्टि २-४ ओटा घर मात्र अतिक्रमण गरे पुग्दछ । त्यसका लागि ती घरधनी तयार मात्र छैनन् स्तरोन्नतिको पहल स्वयं गरिरहेका छन् ।

टरिगाउँ विमानस्थलका पहलकर्ता स्थानीय शुभरत भण्डारी भन्छन्, 'एयरपोर्ट बन्छ भने हामी हाम्रो घर छोड्न तयार छौं तर हाम्रा नेताहरू भाको छोरो मारी मारी आइतबारे वर्त भने झैं गर्छन् । यिनीहरूले न त यो एरपोर्ट ठूलो बनाउँछन्, न त नारायणपुरमा नयाँ बनाउँछन् । जनता जनता विभाजित गरेर उल्टो जिल्लाको कुभलो मात्र गरिरहेका छन् ।'

उपमेयरको सक्रियता

तुलसीपुर उपमहानगरपालिकाकी नवनिर्वाचित उपमेयर स्यानी चौधरी टरिगाउँ विमानस्थल स्तरोन्नतिका लागि सक्रिय देखिन्छिन् । हालै मात्र उनले विमानस्थलको वरपर रहेका झाडी फाँडेर स्थानीय सरकार विमानस्थलप्रति गम्भीर छ भन्ने सन्देश दिएकी छिन् । उनीसँगको भेटमा उनले भनिन्, 'राज्यले नगरे जनताबाट चन्दा उठाएर भए पनि एयरपोर्ट ठूलो बनाउँछु ।' हाल विमानस्थलले चर्चेको तर धावनमार्ग नरहेको उत्तर र दक्षिणतर्फको खाली जग्गा पिच गरेर धावनमार्ग लामो बनाउने उनले बताइन । त्यसो गरेमा करिब ११ सय मिटरको धावन मार्ग बन्ने र एउटा निजी कम्पनीले तत्काल उडान भर्ने उनको दाबी छ ।

'चुनावपछि काठमाडौं जान्छु, राज्यले गर्छ कि गर्दैन बुझ्छु । यदि गर्दैन जस्तो लाग्यो भने जनतासँग चन्दा उठाउने हो धमाधम पिच गर्दै जाने हो,' उनको स्वभाव अलि विद्रोही तरिकाको देखिन्थ्यो । साथै उनले प्रतिप्रश्न गरिन्, 'यसका लागि म कहाँ जाँदा काम बन्ला ? राष्ट्रपतिसँग हारगुहार गर्ने सोचमा छु म त, त्यसो गर्दा कसो होला ?'

अलपत्र चार लेन सडक

घोराही-तुलसीपुर चार लेन सडक परियोजना अहिलेसम्म सुचारु भएको छैन । ठेक्का लागेको चार वर्ष बितिसक्दा यहाँ करिब १० प्रतिशत मात्र काम भएको छ ।

हुँदा खाँदाको सडक चाक्लो बनाउने नाममा भत्काउँदा दुर्घटना हुँदा हालसम्म २४ जनाको ज्यान गइसकेको छ भने जनताले चरम सास्ती बेहोरिरहेका छन् । सिँचाइ परियोजनाहरू पनि सपना मात्र चुनावको बेलामा दाङका उमेदवारहरूको घोषणापत्रमा सल्यानको शारदा नदी र रोल्पाको माडी नदी डाइभर्सन गरेर दाङमा सिँचाइको समस्या समाधान गर्ने सपना देखाइन्छ । यस्ता सपना देखाउन थालेको पनि करिब ३ दशक पुग्न आँट्यो तर अहिलेसम्म कुनै प्रक्रिया नै सुरु भएको छैन । साथै दाङबाट बग्ने दर्जनौं खोलाहरूमा ड्याम बनाई सिँचाइ गर्ने योजना पनि दलहरू सुनाउँछन् यद्यपि काम भने एउटा पनि बनेको छैन । विशाल उपत्यकाका ठूलाठूला उर्बर फाँट सिँचाइविहीन हुँदा देशकै उर्वरा शक्ति घटेको छ । आफ्नो जमिन बाँझो राखेर ठूलो संख्याका युवाहरू परिवार पाल्नकै लागि खाडीमा घोटिएका छन् । सिँचाइको सुविधा मात्र हुने हो भने विदेशिनेको संख्या उल्लेख्य रूपमा घट्ने अनुमान लगाउन सकिन्छ ।

गठबन्धन पनि निकम्मा

यो गठबन्धनको सरकारमा दाङबाट दुई जना मन्त्रीसमेत छन् तर यस्तो अवसर पनि दाङले गुमाएको छ । यो अवधिमा माथिका सबै वा कुनै परियोजना सम्पन्न भैसक्नुपर्थ्यो भन्ने अपेक्षा होइन, ठेक्का सम्झौतासम्म गरिदिएको भए परियोजना चल्न थाल्थे ।

अर्को सरकारले पनि रोक्न सक्दैनथ्यो । यी दलहरूका भाषणमा विश्वास गरेका जनता पनि अहिले जिल्लाराम छन् । आफ्नै पार्टीको सरकार हुँदा आफ्ना जनतालाई कुनै पनि आभास गराउन नसक्नुले नेताहरूको पनि हैसियत स्पष्ट भएको छ ।

केही नागरिकहरू त अझै पनि खुमबहादुर खड्कालाई सम्झन्छन् । उनलाई लागेको भ्रष्टाचारको मुद्दाको बारेमा बेग्लै बहस होला, यद्यपि जिल्लाको विकासमा उनी धेरै अब्बल रहेको कुनै दलबलमा स्वार्थ नबाझिएका कैयौं बूढापुरानाहरू नै बताउँछन् ।

खुमबहादुरपछि कुनै नेता सिंगो दाङको नेता बन्न नसकेको, कोही आफ्नो पार्टीको, कोही आफ्नो गुटको र कोही आफ्नो क्षेत्रको मात्र नेता बनेको पाइन्छ । सम्पूर्ण जिल्लावासीलाई एकीकृत गर्ने ल्याकत नरहेपछि नेताहरू विभाजनको बाटोमा जाँदा रहेछन् ।

जिल्लाको समग्र विकासका लागि एकढिक्का हुनुपर्ने जिल्लावासीलाई तुलसीपुरवासी, घोराहीवासी र देउखुरीवासी आदिमा विभाजित गर्ने, जात र धर्ममा विभाजित गर्ने फलत जिल्लाकै भलो हुने विकासका मुद्दामा समेत मत विभाजन गराउने र केवल आफ्नो राजनैतिक अभीष्ट पूरा गर्ने दाउपेच खोज्दा रहेछन् ।

अब दंगाली जनताले पनि गम्भीरतापूर्वक सोच्नुपर्ने भएको छ । कति समय यी दल र नेतालाई दियो भने यिनीहरूले समृद्ध दाङ बनाउँछन् ? विगतका क्रियाकलापको मूल्यांकन गर्दा यी नेताहरूले जिल्ला बनाउने सम्भावना न्यून छ ।

जनताले पनि यिनै नेताहरूसँग सती जाने कि आफ्नो जिल्लाको विकासका लागि एकजुट हुने र समग्र जिल्लाको नेता बन्न सक्ने योग्यता भएको व्यक्तिको खोजी गर्ने ? विभाजनले विकास गरेको भन्दा विनाश नै धेरै गरेका तथ्यहरू यो संसारमा पाइन्छन् । सभार इकागज

## नमुना मतपत्र......

उम्मेदवार जालिम मियाँका छोरा नमुना मतपत्र र स्वस्तिक छापसहित पक्राउ परेका छन् ।

जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार रहेका मियाँका छोरा सबिर अहमद ५ सय ९८ थान मतपत्र र ४ थान स्वस्तिक छापसहित पक्राउ परेका हुन् ।

अहमदलाई प्रहरीले शनिबार दिउँसो कालिकामाई गाउँपालिका वडा नम्बर १ को मुडली गाउँबाट पक्राउ गरेको पर्सा प्रहरीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दीपक गिरिले जानकारी दिए ।

मुडलीमा सवारी साधन चेकजाँचका क्रममा बा १४ च ४७४८ नम्बरको हाइलेक्स गाडी रोकेर चेकजाँच गर्दा गाडी भित्रबाट नक्कली मतपत्र र स्वस्तिक छाप बरामद गरिएको गिरिले बताए ।

मौन अवधिको समयमा चुनावी प्रचार प्रसार गर्ने सामग्रीसहित भेटिएको कारण अहमदलाई पक्राउ गरिएको गिरिले बताए ।

अहमदलाई मतपत्र, छाप, गाडीसहित पर्सा निर्वाचन क्षेत्र नम्बर ४ का प्रमुख निर्वाचन अधिकृतको कार्यालयको जिम्मा लगाइएको उनले जानकारी दिए ।

## पर्सामा लागेको.......

सदस्य निर्वाचन, २०७९ लाई स्वच्छ, स्वतन्त्र, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागि मदिराको ओसार पसार, बिक्री वितरण र सेवनबाट शान्ति सुरक्षामा पर्न सक्ने असरलाई मध्यनजर गरी जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन नेपाल सरकार, गृह मन्त्रालयबाट प्राप्त निर्देशन र जिल्ला सुरक्षा समितिको मिति २०७९ कार्तिक २६ गतेको निर्णयानुसार मिति २०७९ कार्तिक २७ गते राती १२ बजेदेखि मतदान कार्य सम्पन्न नभएसम्म मदिरा ओसारपसार, वितरण र सेवन गर्न निषेध गरिएकोमा निर्वाचन आयोगको निर्देशन र जिल्ला सुरक्षा समितिको मिति २०७९ मङ्सिर २ गतेको निर्णयानुसार उक्त अवधिलाई निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्री बितरण तथा सेवनमा प्रतिबन्ध लगाउन पुनः सूचना जारी गरिएको, जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

उक्त निर्णयको पूर्ण परिपालना गर्न/गराउन जिल्लाका सबै राजनीतिक दल, उद्योगी, व्यापार व्यवसायी, आमसञ्चार माध्यम र सर्वसाधरणमा अनुरोध गरिएको प्रशासन कार्यालयले जनाएको छ ।

## पर्सा र बाराका....

**बारामा चार ठाउँमा मतगणना गरिने बाराको चारवटै निर्वाचन क्षेत्रको मतगणना छुट्टाछुट्टै चार ठाउँमा हुने भएको छ ।**

**क्षेत्र नम्बर-१ को मतगणना कोल्हबी स्थित नगरपालिकाको सभा हल र क्षेत्र नम्बर-२ को बरियारपुरस्थित गढीमाइ महेन्द्र उच्चमाविमा हुने मुख्य निर्वाचन अधिकृत पुर्णेश्वर उपाध्यायले जानकारी दिए ।**

**क्षेत्र नम्बर-३ को मतगणना कलैया-३ गंगापुरस्थित शैक्षिक तालिम केन्द्र र क्षेत्र नम्बर-४ को मतगणना सिमरा स्थित नेपाल राष्ट्रिय उच्च माविमा हुनेछ ।**

**मतगणना स्थलमा सीसीटीभी क्यामरा जडान गर्नुको साथै आवश्यक सुरक्षा प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले जानकारी दिए ।**

**मतदान सकिएपछि मतपेटिकाहरु संकलन गर्ने र उम्मेदवारहरुसंग छलफल गरेर सोही दिनदेखि नै मतगणना सुरु गर्ने गरी तयारी गरिएको उनको भनाइ छ ।**

# निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले कस्ता सेवासुविधा पाउाछन् ?



रासस,काठमाडौं – प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि यसपटक निर्वाचन आयोगले दुई लाख ४६ हजार ९ सय ६० कर्मचारी खटाएको छ । देशभरका २२ हजार दुई सय २७ मतदान केन्द्र, एक सय ४१ अस्थायी मतदान केन्द्र र १० हजार आठ सय ९२ मतदानस्थलमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलगायत खटाइएका छन् ।

निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द्र र मतगणनास्थलमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीको व्यवस्थापनका लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन ९जनशक्ति व्यवस्थापन० निर्देशिका, २०७९ कार्यान्वयनमा रहेको छ ।

यसरी निर्वाचनमा खटिएका कर्मचारीले ‘प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन सञ्चालन ९आर्थिक व्यवस्थापन० कार्यविधि, २०७९’ मा रहेको व्यवस्थाअनुसार विभिन्न सेवासुविधा पाउँछन् । मतदान केन्द्र, अस्थायी मतदान केन्द्र तथा मतदानस्थलमा खटिने कर्मचारीले पाउने सेवा सुविधा निर्वाचन अधिकृतको कार्यालयले उपलब्ध गराउँछ । निर्वाचनका क्रममा खर्च हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको नाममा निकासा दिन्छ ।

कार्यविधिअनुसार मतदान केन्द्रमा खटिने मतदान अधिकृतलाई प्रतिदिन दुई हजार पाँच सय, सहायक मतदान अधिकृतलाई दुई हजार, सहायक कर्मचारीलाई एक हजार ६ सय र सहयोगी कर्मचारीलाई एक हजार दुई सय भत्ता उपलब्ध गराइन्छ । सहायक मतदान अधिकृत राजपत्राङ्कितस्तरको कर्मचारी भएमा भने अधिकृतसरह नै दैनिक तथा भ्रमण भत्ता पाउँछन् । मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीलाई निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रसम्म, मतदान केन्द्रबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयसम्म र निर्वाचन अधिकृतको कार्यालयबाट आफ्नो कार्यालयसम्म जान आउन लाग्ने दिन र मतदान केन्द्रमा बस्ने तीन दिनकोसमेत दैनिक तथा भ्रमण भत्ता दिइन्छ । पैदलयात्रा गर्दा प्रति १५ किलोमिटरलाई एक दिन मानि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था छ ।प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले दैनिक दुई हजार पाँच सय, मतगणनाका लागि एकै समयमा एकभन्दा बढी मतगणना टोली परिचालन गरिएकामा प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत)ले प्रत्येक थप टोलीका लागि पाउने थप रकममा एक हजार पाउनेछन् ।साथै सहायक मतगणना अधिकारीले प्रतिसिफ्ट दैनिक दुई हजार, मतगणना सहायक र कम्प्युटर अपरेटरले प्रतिसिफ्ट एक हजार ६ सय, र कार्यालय सहयोगीले प्रतिसिफ्ट एक हजार दुई सय पाउनेछन् ।

मतगणनाका व्यवस्थापन खर्चअन्तर्गत २० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ३० हजार र निर्वाचन अधिकृतको कार्यालयले २५ हजार पाउनेछन् । साथै ५० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ४० हजार र निर्वाचन अधिकृतको कार्यालय ४० हजार पाउनेछन् । साथै ८० हजारसम्म मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ५० हजार र निर्वाचन अधिकृतको कार्यालय ५० हजार पाउनेछन् । साथै ८० हजारभन्दा बढी मतदाता भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयले ६० हजार र निर्वाचन अधिकृतको कार्यालय ६० हजार पाउनेछन् ।मतगणना केन्द्र निर्माण खर्चका रुपमा भवन उपलब्ध भएका ठाउँमा सात हजार र भवन उपलब्ध नभएका ठाउँमा १५ हजार उपलब्ध गराइन्छ । त्यस्तै मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्चका रुपमा प्रति १५ किलोमिटर रु तीन हजार मतपेटिका तथा निर्वाचन सामग्री ढुवानी खर्च दिने व्यवस्था रहेको छ ।

# बुथ कब्जा रोक्न दोलखा, धनगढी र बाजुरामा प्रहरीको छुट्टै ‘कमाण्डो दस्ता’

काठमाडौं – मतदान अधिकृत र मतदान स्थलमा खटिएका सुरक्षाकर्मीलाई दबाब र प्रभावमा पारेर दलका कार्यकर्ताले नतिजा आफ्नो पक्षमा पार्न बुथ कब्जा तथा फर्जी मतदान गर्नसक्ने जोखिम औंल्याउँदै प्रहरी प्रधान कार्यालयले दोलखा, कैलाली र बाजुरामा विशेष कार्यदलबाट छुट्टै ‘कमाण्डो दस्ता’ परिचालन गरेको छ ।दस्तालाई बर्दी र सादा पोसाकमा रेकी गर्न र आवश्यक परे बल प्रयोगबाट स्थिति नियन्त्रणमा लिने भनिएको छ । प्रहरीको यो दस्ता विशेष तालिम प्राप्त फौज हो । शनिबार मात्रै निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, प्रहरी महानिरीक्षक धिरजप्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले दोलखाका अति संवेदनशील केही मतदान स्थलको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षण गरिएका स्थानमै प्रहरी प्रधान कार्यालयले कमाण्डो टोली तैनाथ गरेको हो ।यो जनशक्ति मतदान स्थलको सुरक्षामा खटिएका, मतदान स्थल बाहिर तैनाथ गस्ती तथा भैपरी काममा रिजर्भ राखिएका बाहेक हो । प्रहरी प्रधान कार्यालयले कार्यदलको जनशक्तिलाई विशेषगरी आतंक, दंगा, अपहरण, प्रकोप तथा असामान्य परिस्थितिलाई नियन्त्रणमा लिन खटाउँदै आएको छ ।कैलालीको धनगढीमा खटिएका कमाण्डोलाई बाजुरालगायतका स्थानलाई समेत रेकी गर्न भनिएको छ । दोलखामा तैनाथ कमाण्डोलाई त्यहीका जोखिम मानिएका क्षेत्र केन्द्रित गरिएको सुरक्षा स्रोत बताउँछ । गत स्थानीय तह निर्वाचनमा बाजुराको बूढीगंगा नगरपालिकाका कतिपय वडामा बुध कब्जा हुनुका साथै फर्जी मतदान भएको थियो । त्यस्तै दोलखाको वैतेश्वर गाउँपालिकाको १ नम्बर वडामा ९९ दशमलव ६५ प्रतिशत मत खसेको थियो । त्यसलाई समेत आधार मानेर शंका गरिएका मतदान स्थलमा अतिरिक्त फौज तैनाथ भएका हुन् ।

कमाण्डो तालिम लिएका करिब ५ सय जनशक्तिलाई देशका जुनसुकै स्थानमा खटाउने गरी तयारी हालतमा राखिएकोमा दोलखा र कैलालीमा भने मतदानअघि नै विशेष दस्ता खटाइएको प्रहरी प्रधान कार्यालय स्रोतले जानकारी दियो । स्रोतका अनुसार यो दस्तालाई उच्च जोखिमको सूचीमा समेटिएका क्षेत्र आसपास राखिएको र अप्रिय घटनाको जोखिमबारे सूचना पाउने बितिक्कै तत्काल परिचालन गरिने निर्वाचन सुरक्षा रणनीति तथा व्यवस्थापनमा खटिएका एक उच्च अधिकारीले जानकारी दिए ।‘निर्वाचनमा मतदान स्थललाई सुरक्षा जोखिमका दृष्टिकोणले अतिसंवेदनशील, संवेदनशील र कम संवेदनशील गरी तीन समूहमा वर्गिकरण गरिएकोमा त्यही अनुसार जनशक्ति व्यवस्थापन गरिएको छ, सशस्त्र प्रहरी र सेनाबाट पनि सोही अनुसार जनशक्ति तैनाथ गरिएको छ,’ ती अधिकारीले भने, ‘केही ठाउँमा बुथ कब्जा गरेर नतिजा आफ्नो पक्षमा पार्ने र त्यसलाई मतदान अधिकृतबाट वैधता दिलाउने प्रयास हुनसक्ने भएर घटना नहुँदै हामीले उच्च सावधानी अपनाएर कमाण्डोलाई पनि छुट्टै रुपमा तैनाथ गराएका हौं ।’आइतबार देशभर प्रतिनिधिसभा र प्रदेशसभा सदस्य चयनका लागि एकै चरणमा निर्वाचन हुँदैछ । निर्वाचनबाट प्रतिनिधिसभाका प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकका १ सय १० तथा प्रदेशसभातर्फ प्रत्यक्षका ३ सय ३० र समानुपातिकबाट २ सय २० गरी संघ र प्रदेशबाट ८ सय २० जनप्रतिनिधिहरू चयन हुँदै छन् । निर्वाचनको मतपरिणामले दलहरूको आगामी शक्तिको समेत हिस्सा तय गर्ने भएकोले अनुकुल नतिजा हात पार्न दलहरूले नै सुरक्षाकर्मी र कर्मचारीलाई दुरुपयोग गर्नसक्ने जोखिम रहन्छ । त्यसप्रति संवेदनशील भएरै सरकारले मतदान सम्पन्न गर्ने जिम्मेवारी लिएका कर्मचारी र सुरक्षाकर्मीका कामकारबाहीमाथि नै छड्के निगरानीमा छुट्टै संयन्त्र तैनाथ गरिएको गृह मन्त्रालयले जनाएको छ ।निर्वाचन आयोगले १० हजार ८ सय ९२ मतदान स्थल र २२ हजार २ सय २७ मतदान केन्द्र तय गरेको छ । कैदी, कर्मचारी, सुरक्षाकर्मी र वृद्धाश्रममा रहेकालाई मतदान गर्न १ सय ४१ अस्थायी मतदान केन्द्र निर्धारण गरेको छ । तोकिएका मतदान स्थलमध्ये करीब १ तिहाईलाई अतिसंवेदनशील सूचीमा राखिएको छ ।गृह मन्त्रालयका अनुसार ३ हजार ८० अतिसंवेदनशील, ४हजार ४ सय २० संवेदनशील र ३ हजार ३ सय ९१ लाई कम संवेदनशील मतदानस्थलको सूचीमा राखिएको छ ।निर्वाचनका लागि सेना, प्रहरी, सशस्त्र, राष्ट्रिय अनुसन्धान विभाग र म्यादी प्रहरीबाट करीब ३ लाख जनशक्ति खटिएका छन् । त्यसमध्ये सेनाका करिब ७५ हजार, प्रहरीका करिब ७२ हजार, सशस्त्रका करिब ३५ हजार, अनुसन्धान विभागका करिब २ हजार र म्यादी प्रहरी १ लाख १५ हजार निर्वाचन सुरक्षामा कार्यस्थल खटिइसकेका छन् ।

# लोकतन्त्रलाई सुदृढ गर्ने मुख्य माध्यम निर्वाचन

गणेशदत्त भट्ट

वर्तमान समयमा लोकतान्त्रिक राज्यको राजनीतिक प्रणालीको आधार प्रतिनिधित्व हुन्छ । प्रतिनिधित्व गर्ने र गराउने कार्यमा निर्वाचन एक महत्त्वपूर्ण कार्य हो । निर्वाचन प्रक्रियाले जनतालाई शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधि चयन गर्ने नागरिक अधिकारलाई सुरक्षित राखेको हुन्छ । आमनागरिक/मतदातालाई राजनीतिक रुपमा शिक्षित र सक्रिय गराउँछ, सरकार निर्माण तथा त्यसको सञ्चालनमा समेत सबै मतदाताहरूलाई कुनै न कुनै रुपमा सहभागी गराउँछ भने अन्तिम रुपमा राज्यशक्तिको बागडोर जनताकै हातमा छ भन्ने कुरालाई पुष्टि गर्छ ।




निर्वाचन भनेको आवधिक रुपमा नागरिकले सम्पन्न गर्ने एउटा प्रमुख राजनीतिक भूमिका भएका कारण यसको माध्यमबाट शासनले आफ्नो वैधानिकता प्राप्त गर्छ । स्वतन्त्र र निस्पक्ष रुपमा सम्पन्न हुने आवधिक निर्वाचन आधुनिक राज्य व्यवस्थाको अनिवार्य सर्त हो । लोकतन्त्र जनताको सहमति र सहभागितामा सञ्चालन हुने व्यवस्था भएका कारण लोकतान्त्रिक शासन व्यवस्थाको सञ्चालनका लागि आवश्यक पर्ने जनताको सहमती र सहभागिता निर्वाचनका माध्यबाट मात्र अभिव्यक्त हुन्छ । जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालन हुने वैधानिक व्यवस्थाको आधार नै निर्वाचनले खडा गर्छ ।

नेपालको संविधानको धारा-२ ले ‘नेपालको सार्वभौमसत्ता, राजकीयसत्ता नेपाली जनतामा निहित रहने व्यवस्था गरेको छ ।’ यसको अर्थ हो, निर्वाचनका माध्यमद्वारा नागरिकले उक्त संविधानको धारा-२ मा उल्लेखित अधिकारको प्रयोग गर्छ । अर्थात् मताधिकारको बलमा मुलुकको शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधिहरूको चयन गर्छन् । यस अर्थमा निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको वैधानिकता पुष्टि गर्ने एक सशक्त माध्यम हो । लोकतान्त्रिक शासन पद्धतिले निर्वाचनका लागि निर्वाचन होइन कि यसले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र विश्वसनीयतामा जोड दिन्छ । लोकतन्त्रको संस्थागत सुदृढीकरण, उत्तरदायी शासन व्यवस्थाको स्थापना, सचेत र जागरुक नागरिक समाजको निर्माण, नागरिक राज्यको स्थापना, विधिको शासन, आमरुपमा राजनीतिक शिक्षा र संस्कृतिको विकास, राष्ट्रका प्रमुख सरोकारहरूमा जनस्तरमा छलफल, समावेशी राज्यको स्थापना, जनताको सहमती र सहभागितामा राज्य सञ्चालनको अवस्था सिर्जना र समग्रमा वैध शासन व्यवस्था कायम गर्न आवधिकरुपमा सम्पन्न हुने निर्वाचनले महत्त्वपूर्ण भूमिका खेल्छ ।

संविधानको धारा-७४ को व्यवस्थाले, ‘नेपालको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली हुनेछ’ भन्ने व्यवस्था गरेको छ । त्यसैगरी संविधानको धारा-५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानकै व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्यकाल पाँच वर्षको हुने व्यवस्था गरेको छ । माथि उल्लेखित तीनै तहको सरकारमा रहने जनप्रतिनिधिहरू मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने व्यवस्था पनि संविधानमा उल्लेख छ । अर्थात् बालिग मताधिकारका आधारमा आवधिकरुपमा सम्पन्न हुने मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित जनप्रतिनिधिहरूको संलग्नतामा हाम्रो समग्र शासकीय स्वरुप सञ्चालन हुने कुरालाई संविधानले व्यवस्थित गरेको छ । यसअर्थमा नेपालको संविधान र संविधानद्वारा व्यवस्थित शासकीय स्वरुपलाई संस्थागतरुपमा सुदृढ गराउने कार्यका लागि मंसिर-४ मा सम्पन्न हुने निर्वाचनलाई व्यापक जनसहभागितासहित स्वतन्त्र र निस्पक्षरुपमा सम्पन्न गराउने कार्यमा हामी सबैको सहयोग अनिवार्य र अपरिहार्य छ ।

२०१५ सालमा सम्पन्न आमनिर्वाचन र त्यसपछि (पञ्चायतको तीसवर्षको अवधिलाई छाडेर) २०४८ सालदेखि हालसम्मन सम्पन्न हुँदै आएका सबै प्रकारका निर्वाचनमा आममतदाताले उल्लेख्यरुपमा आफ्नो सहभागिता जनाउँदै आएका छन् । स्वतन्त्र र स्वच्छताको दृष्टिकोणबाट पनि एकपछि अर्को निर्वाचनमा उल्लेख सुधार भएको देखिन्छ । स्वतन्त्र र निस्पक्ष निर्वाचन प्रणालीको सञ्चालनका लागि बलियो संस्थागत संरचना निर्माण हुँदै आइरहेको छ । केही जिम्मेवार पक्ष र व्यक्तिहरूबाट विगतका निर्वाचनहरूलाई कलुसित बनाउने केही गैरजिम्मेवार र गैरकानूनी कामहरू हुँदासमेत अधिकांश मतदाताले आफ्नो विवेक प्रयोग गरेर मताधिकार प्रयोग गरेका कारण निर्वाचनका माध्यमद्वारा व्यक्त जनादेश न्यायपूर्ण र सहीरुपमा प्रकट भएको पाइन्छ । यसअर्थमा विगतका निर्वाचनहरूमा आमजनता आफूलाई ‘जनार्दन’ का रुपमा खडा गर्न सफल भएका छन् ।

लोकतन्त्रमा सम्पन्न हुने आवधिक निर्वाचन गोप्य मतदानका आधारमा सम्पन्न हुने भएका कारण मतदाताले आफ्नो विवेकको प्रयोग गरी उपलब्ध भएका राजनीतिक दल र उम्मेदवारहरूमध्येका योग्य, असल र अनुभवले खारिएका व्यक्ति र दललाई मतदान गर्ने हो भने निर्वाचनले सार्थकता पाउने छ । पाँच वर्षमा एकपटक प्रयोग गर्न पाउने आफ्नो सार्वभौम मताधिकारको अधिकारलाई कुनै प्रकारको खेलाँची नसम्झी हरेक नागरिकले मताधिकारलाई गहनता र जिम्मेवारीसाथ प्रयोग गर्ने हो भने लोकतन्त्रमा जनता स्वयंद्वारा शासित हुन्छन् भन्ने मान्यतालाई स्थापित गर्ने आधार निर्माणमा ठूलो योगदान पुग्न सक्छ । यसअर्थ लोकतन्त्रमा मताधिकारको सही र स्वतन्त्र प्रयोगको व्यापक महत्व र दूरगामी प्रभाव हुने भएका कारण कुनै पनि मतदाताले आफ्नो मताधिकारलाई उपेक्षाभावका साथ हेर्नु हुँदैन ।

समाजका जिम्मेवार र शिक्षित समुदायले निर्वाचनप्रति सकारात्मक सन्देश फैलाई निर्वाचनमा व्यापक सहभागिताको अवस्था सिर्जना गर्न जिम्मेवारीका साथ आफूलाई प्रस्तुत् गर्नु जरुरी हुन्छ । निर्वाचनलाई दूषित गराउने कुनै पनि किसिमका क्रियाकलापलाई परास्त गर्ने र निर्वाचनप्रति कुनै पनि रुपमा सिर्जना गरिएका नकारात्मकताको भावनाबाट निर्वाचन प्रक्रियालाई बचाउने काममा समाजका सबै जिम्मेवार पक्षहरूले आ-आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गर्नु पर्छ । हामी आफ्नो ‘भलाइ’ चाहान्छौं भने यो ‘भलाइ’ केवल लोकतान्त्रिक शासन पद्दतिबाट मात्र सम्भव छ । मताधिकारले व्यक्तिको निर्णायकत्व स्थापित गर्ने भएका कारण निर्वाचनमा हरेक मतदाताले ‘म पहिलो मताधिकार प्रयोग गर्ने मतदाता हुनेछु’ भन्ने मानसिकता राख्नु जरुरी हुन्छ । आफूमा निहित सार्वभौमसत्ता र राजकीयसत्ता अभिव्यक्त हुने मताधिकारलाई कुनै पनि वहानामा प्रभावित हुन नदिई त्यसको स्वतन्त्र प्रयोग गर्ने नागरिकले मात्र राष्ट्र निर्माणमा योगदान गर्न सक्छ । निहित स्वार्थपूर्तिका लागि मताधिकारको दुरुपयोग गर्ने र गराउन चाहनेलाई भोलिको शासन सत्तासँग कुनै पनि किसिमको गुनासो गर्ने नैतिक आधार रहँदैन ।

आवधिक रुपमा सम्पन्न हुने निर्वाचनलाई स्वतन्त्र र मर्यादितरुपमा सम्पन्न गराउने काममा निर्वाचन आयोग, राज्यसंयन्त्र, राजनीतिक दलहरू, स्वयम् उमेदवारहरू, सञ्चार जगत्, नागरिक समाज, मतदाता र अन्तर्राष्ट्रिय समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसमा पनि सबैभन्दा बढी मतदाताहरूले निर्वाचनसँग सम्बन्धित आवश्यक जानकारीसहित आफ्नो मताधिकारलाई स्वतन्त्ररुपमा प्रयोग गर्न सकेन भने निर्वाचनको पवित्रता कायम रहन सक्दैन । यसअर्थमा हरेक मतदाताले स्वतन्त्र र निर्भिकरुपमा मताधिकारको प्रयोग गर्न पाउने अवस्थाको सिर्जना गर्न राज्य, राजनीतिक दल र निर्वाचन आयोगले जिम्मेवारीसाथ काम गर्नु जरुरी छ । यदि यी तीन निकायबाट आफ्नो जिम्मेवारी अनुरुपको काम भएको छैन भने यी निकायलाई जिम्मेवार बताउन नागरिक समाज, सञ्चारजगत्, न्यायपालिका र स्वयम् मतदाताहरूले खबरदारी गर्न सकेमात्र हामी निर्वाचनलाई मर्यादित र अर्थपूर्णरुपमा सम्पन्न गरी लोकतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउन सक्ने छौं ।

मंसिर चार गते, एकै दिनमा हामीले संघ र प्रदेशसभाको निर्वाचन सम्पन्न गर्दैछौं । यो हामी सबैका लागि ठूलो उपलब्धी हुनेछ । यसले लोकतन्त्रको संस्थागत विकासमा ठूलो योगदान पुग्ने छ । एकैदिन निर्वाचन सम्पन्न गराउने काम चूनौतीपूर्ण र कठीन कार्य हो । अत: निर्वाचनलाई मर्यादितरुपमा सम्पन्न गराउने काममा सबैको सहयोग आवश्यक रहन्छ । यस कार्यका लागि विशेषगरी निर्वाचन आयोगलाई सबैका तर्फबाट सहयोग, सुवेच्छा हुनुपर्छ । मूख्यरुपमा निर्वाचनलाई मर्यादित बनाउने कार्यमा राजनीतिक दलहरू र उमेदवारहरूको जिम्मेवार भूमिका अपरिहार्य हुन्छ । सबै पक्षबाट अनिवार्यरुपमा निर्वाचन संहिताको पालना हुनुपर्छ । दलीय रुपमा होस् अथवा व्यक्तिगत रुपमा निर्वाचनमा होमिएका उमेदवारहरूले जनतासँग मत माग्ने, जनता समक्ष आफ्ना कुरा राख्ने, जनताको विवेकमा विश्वास गर्ने तर मैले जित्नैपर्छ भन्ने गलत मान्यतामा मतदातालाई गलत किसिमबाट आफ्नो पक्षमा नल्याउने व्यवहारमात्र गर्ने हो भने पनि स्वतन्त्र निर्वाचन सम्भव छ र यही बाटोमा हिँड्ने सद्बुद्धि प्रत्येक उम्मेदवारमा पलाओस् भन्ने कामना छ ।कसैले पनि बिर्सन नहुने कुरा के हो भने हामी लामो समयदेखि राजनीतिक अस्थिरताको स्थितिबाट गुज्रिँदै आएका छौं । तर पनि २०१५ र २०४८ सालयता सम्पन्न भएका हरेक निर्वाचनले लोकतन्त्रलाई संस्थागत गराउने कामका लागि फराकिलो आधार निर्माण गर्दै आएको छ ।

यो मंसिर ४ गते सम्पन्न हुने निर्वाचनले पनि लोकतन्त्रको सुदृढीकरण र विधिको शासनको सुनिश्चितताका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । (लेखक संवैधानिक कानुनका जानकार हुन् ।)